## रासन टेन्डरसम्बन्धी सर्त तथा जानकारी

१. ग्यासका निमित्त आवश्यक चुलो, सिलिन्डर र ठेक्का अवधिभर मर्मत खर्च टेन्डर फाराममा उल्लिखित रकमबाटै ठेकेदारले व्यवस्था गर्नुपर्ने छ।

२. टेन्डर फारामसाथ धरौटी जमानतबापत एकमुस्ट रकमको कम्तीमा २.५ प्रतिशत रकम वाल्मीकि विद्यापीठको राष्ट्रिय वाणिज्य बैंक, पुतलीसडक शाखामा रहेको चल्ती खाता नं. ११३०१००००४०६३००१ मा नगद जम्मा गरेको भौचर वा बिडबन्ड (कम्तीमा ३० दिनको अवधिको) सलग्न गर्नुपर्ने छ।

३. टेन्डर फाराम स्वीकृत हुने व्यक्तिले विद्यापीठको पत्र प्राप्त भएपछि एकमुष्ट ५ प्रतिशत रकम नगद धरौटी विद्यापीठको खातामा जम्मा गर्नु वा ठेक्का अवधि र थप १ (एक) महिनाको अवधिसम्म मान्य हुने (१३ महिनाको) बैंक कार्यसम्पादन जमानत पेस गर्नुपर्ने छ। सो रकम जम्मा नगरी विद्यापीठले करार गर्ने छैन।

४. टेन्डर फाराममा अरू कोटेसन/टेन्डरदातालाई असर पर्ने खालको कैफियत लेख्न पाइने छैन। त्यसो गरेमा टेन्डर फाराममाथि कारबाही हुने छैन।

५. प्रथम पटक पर्याप्त मात्रामा टेन्डर फाराम प्राप्त नभएमा पहिले पर्न आएका टेन्डर फारामलाई कायमै राखी पुनः टेन्डर आह्वान गरिने छ र दोस्रो पटक प्रथम पटक पर्न आएका टेन्डर बोलपत्रलाई पनि सामेल गराइने छ।

६. टेन्डर पर्ने व्यक्तिले विद्यापीठको पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र करार गरिसक्नुपर्ने छ। अन्यथा विद्यापीठको निर्णयानुसार हुने छ।

७. टेन्डर फाराममा कतै केरमेट भएको हुनु हुँदैन। दररेट अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्ने छ।

८. टेन्डरदाताले बोलपत्रको खामको बाहिरै आफ्नो ठेगाना, सम्पर्क व्यक्ति र सम्पर्क फोन नम्बरसमेत स्पष्ट लेख्नुपर्ने छ।

९. टेन्डर फाराम जसको नाममा खरिद गरिएको हो, टेन्डर पनि सोही नाममा दिनुपर्ने छ।

१०. ठेकेदारले कार्यसम्पादन जमानीपत्र (परफर्मेन्स बन्ड) पेस गरेमा अवस्था हेरी नियमानुसार पेस्की दिन सकिने छ।

११. टेन्डर फारामसाथ फाराम खरिद गर्दा दिइएको नगदी रसिद संलग्न हुनुपर्ने छ।

१२. रासनसम्बन्धी कार्य गर्ने वा जनरल सप्लायर्सका रूपमा काम गर्ने गरी दर्ता भई भ्याटमा दर्ता भएका फर्म वा व्यक्तिले मात्र टेन्डर दिन पाउने छन् र टेन्डरसाथ भ्याटमा दर्ता भएको प्रमाणपत्रको फोटोकपी पेस गर्नुपर्ने छ। फर्म दर्ताको प्रमाणपत्र र नवीकरण गरको समेत प्रमाण पेस गर्नुपर्ने छ।

१३. टेन्डर पर्ने व्यक्तिलाई बिलको भुक्तानी दिँदा १.५ प्रतिशत आयकर, पाँच प्रतिशत रिटेन्सन र पेस्की लिएको भए पेस्की रकम अनिवार्य रूपले कट्टी गरी बाँकी रकम भुक्तानी दिइने छ।

१४. टेन्डरदाताले कबोल गरेको दररेटमा चामल, दाल र नुनबाहेकका सामग्रीको दररेट मूल्य अभिवृद्धि करसहितको मूल्य उल्लेख गर्नुपर्ने छ। मू.अ. कर ऐन २०५२ को अनुसूची १ समूह १ (क) र समूह २ (ङ) मा उल्लेख भएबमोजिमका सामग्रीहरूमध्ये संलग्न विवरणका सि.नं. १ मा उल्लेखित चामल, सि.नं. २ मा उल्लेखित दाल र सि.नं. ५ मा उल्लेखित नुन लगायतका सामग्रीमा मू.अ. कर ऐनबमोजिम मू.अ. कर छुट हुने हुँदा उक्त सामग्रीहरूका लागि टेण्डरदाताले पेश गर्ने दररेट मू.अ. करबाहेक मानी उक्त सामग्रीमा अग्रिम आयकर (TDS) कट्टी गरिने छैन। उक्त सामग्रीबाहेक अन्य सामग्रीको हकमा टेण्डरदाताले पेश गरेको मू.अ. करसहितको दररेटबाट आयकर कट्टी गरी बाँकी हुने रकम भुक्तानी गरिने छ। टेण्डर स्वीकृत गर्दा १११ जनालाई १ वर्षभरि लाग्ने अधिकतम सामग्रीको कुल परिमाणका आधारमा समग्रमा गरिने छ। अनुमानित सामग्रीको विवरण यसैसाथ संलग्न छ।

१५. कुनै कारणवश तीनधारा संस्कृत छात्रावास अन्य तवरले व्यवस्थापन गर्ने निर्णय नेपाल संस्कृत विश्वविद्यालय वा वाल्मीकि विद्यापीठले गरेमा एक महिनाको पूर्व सूचना दिई पहिलो पक्षले ठेक्का बन्द गर्नसक्ने छ।

१६. रिटन्सनबापत कट्टी गरेको पाँच प्रतिशत रकम ठेक्का पूरा गरेपछि मात्र फिर्ता दिइने छ। जुनसुकै कारणले ठेक्का छोडी भागेको भए पनि रिटेन्सन रकम फिर्ता दिइने छैन।

१७. टेन्डर स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्बद्ध टेन्डर समितिलाई हुने छ र कुनै विवाद आइपरेमा उक्त समितिको निर्णय अन्तिम हुने छ।

१८ बिलको भुक्तानी हरेक महिना समाप्त भएपश्चात् मासिक रूपमा गरिने छ।

१९. यसमा परेका कुराहरू यसै बमोजिम र नपरेका अन्य कुराहरू प्रचलित कानुनअनुसार हुने छन्।

२०. दाउराको प्रयोग ग्यास नपाइएको अवस्थामा मात्र गरिने र ठेक्काको जम्मा कबोल अङ्कमा समावेश नगरिने हुँदा दाउराको दर तथा रकम समावेश नगरेकै मात्र आधारमा टेन्डर अस्वीकृत हुने छैन।

२१. छात्रावासमा दैनिक रूपमा रासनको निगरानी राख्न ठेकेदार वा प्रतिनिधिको व्यवस्था अनिवार्य गर्नुपर्ने छ।

२२. रासनको गुणस्तरीयता प्रतिबद्धताअनुरूप कायम हुनुपर्ने छ।

प्रमाणित गर्ने

## एक वर्षका लागि चाहिने सामानको अनुमानित परिमाण

| सि.नं. | सामानको नाम | अनुमानित परिमाण |
|---|---|---|
| १. | चामल | ३६३०० किलोग्राम |
| २. | दाल | ३६०० किलोग्राम |
| ३. | घ्यू | २३६४ किलोग्राम |
| ४. | तेल | २१५ लिटर |
| ५. | नून | ७६५ किलोग्राम |
| ६. | साबुन | १२१ किलोग्राम |
| ७. | लुगाधुने सोडा | ६१ किलोग्राम |
| ८. | भाँडा माभने पाउडर | ३६५ किलोग्राम |
| ९. | एल. पि. ग्यास (यसको प्रतिव्यक्तिलाई दैनिक २ छाक दाल, भात, तरकारी र अचार पकाउन लाग्ने इन्धनको अनमानित लागतको जोड गरी टेन्डर फारमको रकममा लेख्ने) | १११ जनाका लागि ३६५ दिन खाना पकाउन पुग्ने |
| १०. | दाउरा | ८१०३० किलोग्राम |